# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७६।०३।२५

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघले केन्द्रीय बाल कल्याण समितिको सहकार्यमा प्रदान गर्दै आएको 'बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार' अन्तर्गत यस वर्ष पुरस्कृत गरिने पत्रकारको नामावली सार्वजनिक गरेको छ ।

पुरस्कार छनौटका लागि नेपाल पत्रकार महासंघ, केन्द्रीय बालकल्याण समिति र प्रेस काउन्सिल नेपालको संलग्नतामा गठित छनौट समितिको २०७६ असार १७ गते बसेको बैठकले पुरस्कारका लागि २०७६ वैशाख २६ गतेदेखि जेठ १५ गतेसम्म प्राप्त भएका २८ आवेदनको अध्ययन तथा छानबिन गरी रेडियो, छापा, टिभी र कार्यक्रम प्रस्तोतामध्येबाट १० जना पत्रकारलाई प्रदान गर्ने निर्णय गरेको हो ।

जसअनुसार रेडियोतर्फ रामकुमारी खड्का (रेडियो उज्यालो एफएम-उपत्यका) र रुमा रिजाल (रेडियो सप्तकोशी एफएम-उपत्यका बाहिर, सुनसरी), छापामाध्यमतर्फ राससका प्रकाश सिलवाल र नागरिकका हिमाल लम्साल (सयुक्त-उपत्यका) र खगेन्द्र अधिकारी ( नागरिक दैनिक- उपत्यका बाहिर, ताप्लेजुङ) लाई प्रदान गरिने भएको छ । त्यस्तै टेलिभिजनतर्फ धनबीर दाहाल, रुकुम (नेपाल टेलिभिजन) र कोपिला पोखरेल, बुद्ध आवाज टेलिभिजन, कपिलवस्तु/धनमाया भुसाल, जनता टेलिभिजन, नवलपरासी पूर्व (सयुक्त-उपत्यका बाहिर) र कार्यक्रम प्रस्तोतातर्फ सोभिता रिसाल, (सिआइएन) र शर्मिला खनाल (कान्तिपुर एफएम) लाई प्रदान गरिने भएको छ ।

पुरस्कार छनौट समितिले आवेदनमा सामग्रीको प्रस्तुति र भाषा, विषयवस्तु छनौट तथा गहनता, विषयको सान्दर्भिकता, खोज तथा अनुसन्धान पत्रकारिता प्रयोग एवं व्यक्तिगत विवरण र अनुभवलाई आधार बनाएर मूल्याङ्कन गरेको हो ।

पुरस्कार प्राप्त गर्ने पत्रकारलाई २०७६ असार २९ दिउँसो १:३० बजे नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको सभाहलमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री थममाया थापामगरको प्रमुख आतिथ्यतामा आयोजना हुने कार्यक्रममा पुरस्कारसहित सम्मानित गरिनेछ ।

रमेश विष्ट
महासचिव